# छिन्नमस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं. (Letter No.) : २०८०।०८१
चलानी नं. (Ref. No.) :

Website : www.chhinnamastamun.gov.np
मिति (Date) : २०८०।०८।२८

## बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिला सहकारी वा समुहमा आय–आर्जनका लागि अनुदान सम्बन्धी १५ दिने सुचना

**प्रथम पटक सुचना प्रकाशित**

यस छिन्नमस्ता गाउँपालिका को चालु आर्थिक वर्ष २०८०/८१ मा संचालत कार्यक्रम बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिला सहकारी वा समुहमा अनुदान वितरणका लागि छिन्नमस्ता गाउँपालिका क्षेत्र भित्र रहेका महिला सहकारी वा समुहमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकाले तपशिलको शर्त बमोजिम रहने गरी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**क) प्रस्ताव छनौटको आधार**

१. स्थानीय तह भित्र रहेका बिपन्न वा दलित तथा जनजाती समुदायमा क्रियाशिल साविक महिला बिकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाईदा पुग्ने सहकारी तथा समुह लाई प्राथमिकता दिईने छ ।

२. सहकारीहरु नभएमा सोही प्रकृतीका साविक महिला बिकास कार्यक्रमबाट प्रवर्द्धित महिला समुह, कृषक समुह वा स्वास्थ्य आमा समुह ।

३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरि व्यवसाय सञ्चालन गरिने प्रस्तावलाई पहिलो प्राथमिकतामा राखिने छ ।

४. बहुक्षेत्रिय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्ताव लाई प्राथमिकता दिईने छ ।

५. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजीम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तहमा दर्ता भएको हुनु पर्ने छ ।

**ख) प्रस्ताव छनौटको मापदण्ड तथा सञ्चालन**

१. विपन्न समुदायका महिलाहरुको पुर्ण सहभागिता र नेतृत्वमा स्थानीय तहभित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था/समुह छनौट गरिने छ ।

२. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अवस्थामा सहकारी निकायः महिला विकास कार्यक्रम ,गरिव संग विश्वेशवर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नागरीक सचेतना केन्द्र, कृषि बिकास, पशुसेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समुहलाई क्रमसः प्राथमिकता दिईने छ ।

३. महिला समुह समेत नभएको अवस्थामा विकास साझेदारर तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ वर्ष देखी क्रियाशिल रहेका महिला समुह मध्येबाट समेत छनौट गर्न सकिने छ ।

४. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजीम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तह वा वडा कार्यालयमा सुचिकृत भएको हुनु पर्ने छ ।

५. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समुहले सामुदायिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउनु पर्ने छ । हाल सम्म अनुदान प्राप्त नभएको सहकारी तथा समुहलाई प्राथमिकता दिईने छ ।

नोटः थप जानकारीका लागि पोषण सहजकर्ता श्री पिंकी कुमारी राय, सम्पर्क नं ९८२५७११११६ मा सम्पर्क गर्नुहोला ।

**बोधार्थ**

श्री छिन्नमस्ता गाउँपालिका अध्यक्ष ज्यू (जानकारीको लागि)
श्री छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष ज्यू (जानकारीको लागि)
श्री वडा कार्यालयहरु (१–७), छिन्नमस्ता गाउँपालिका, सप्तरी ।
श्री सूचना प्रविधि शाखा website मा सूचना Upload गरि दिनु हुन् ।

............
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत